जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ८२ २०७८ साल कात्तिक ५ गते शुक्रबार (22 Oct. 2021 Friday) मूल्य रु. ५/-

प्राकृतिक विपत्ति न्यूनीकरणका लागि सामूहिक सचेतना जगाऔं

- जथाभावि सडक निर्माण र वनविनाशले बाढी पहिरो निम्त्याउछ ।
- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- विपत्ति आउनु अघि नै सजगता अपनाऔ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : धान डुब्यो, गहुँ लाउने.. ३ पृष्ठमा : माओवादीले तोक्यो ३२ ... ३ पृष्ठमा अफगान महिला अधिकारका लागि ...

# शारिरीक रुपमा पूर्ण अपाङ्गता रहेका बौना दासलाई घर हस्तान्तरण




**दैनिक समाचारदाता राजविराज, ४ कात्तिक ।**

शारिरीक रुपमा पूर्ण अपाङ्गता रहेका बौना दासका लागि बनाइएको अपाङमैत्री घर बिहीबार एक कार्यक्रमबीच हस्तान्तरण गरिएको छ ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ८ तोपा बजार युथ, सप्तरी युथ नेपाल, सवल नेपाल र गाउँपालिकाको सहयोगमा निर्माण भएको उक्त घर जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, राष्ट्रियसभा सदस्य मृगेन्द्रकुमार सिंह यादव, प्रदेश २ का अर्थ मन्त्री शैलेन्द्र प्रसाद साह र प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले संयुक्त रुपमा दासलाई घरको साँचो हस्तान्तरण गरेका हुन् ।

कार्यक्रममा बोल्दै अध्यक्ष यादवले युवाहरुद्वारा गरिएको कार्यको प्रशंसा गर्दै गलत बाटोमा लागेर जीवन बर्वाद गरिरहेका युवाहरुलाई पनि यस्तो कार्यले पक्कै पनि प्रेरणा मिल्ने र सामाजिक रुपान्तरणमा टेवा पुग्ने उल्लेख गरे ।

शारिरीक रुपमा असक्त बौना दासको घर तथा शौचालय निर्माणका लागि सामाजिक मानबिय काममा तोपा बजार युथका अध्यक्ष कौशल यादवलगायत सम्पूर्ण

*बाँकी अन्तिम पृष्ठमा*

# जनमत पार्टीले कार्यालय प्रमुखलाई दल्यो कालोमोसो र हिलो



**दैनिक समाचारदाता जनकपुरधाम, ४ कात्तिक ।**

खानेपानी तथा ढल निकास कार्यालय जनकपुरधामका कार्यालय प्रमुख राजेश कुशवाहालाई बिहीबर जनमत पार्टीका नेता कार्यकर्ताहरुले कालोमोसो दलेका छन् ।

भ्रष्टाचार गरेको भन्दै प्रमुख कुशवाहालाई सो पार्टीका नेता कार्यकर्ताहरुले कालोमोसो तथा हिलो दलेर नगर परिक्रमा समेत गराइएका छन् ।

खानेपानी आयोजनामा भ्रष्टाचार गरेकाले जनकारवाही गरिएको जनमत पार्टीले दाबी गरेको छ । तराई मधेसमा भ्रष्टाचार व्यापक रूपमा बढिरहेको भन्दै त्यसलाई राज्यको तर्फबाट नियन्त्रण हुन नसकेपछि जनकारवाहीका लागि उत्रिएको पार्टीले जनाएको छ ।

भ्रष्टाचारी र अत्याचारीका नाइकेहरू सप्तरी, धनुषा तथा सर्लाही लगायतका जिल्लातिर नै घुमिरहेको भन्दै पार्टीले सबैलाई यसरी नै कारवाही गरिने चेतावनी समेत दिएको छ ।

यता प्रहरीले कालोमोसो दल्ने कार्यमा संलग्न रहेको भन्दै जनमत पार्टीका एक दर्ज भन्दा बढी कार्यकर्ताहरुलाई पक्राउ गरेको छ ।

# सद्भावना पार्टीद्वारा संविधान संशोधनको माग



**दैनिक समाचारदाता राजविराज, ४ कात्तिक ।**

नेपाल सदभावना पार्टीले असन्तुष्टीका बीच आएको संविधान संशोधन गर्नू पर्ने माग गरेको छ ।

विहीवार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरी उक्त पार्टीले सो माग गर्दै पार्टीका राष्ट्रिय उपाध्यक्ष दशरथ यादवले संविधान असन्तुष्टीका बीचबाट आएकोले सबैको भावना समेटन संविधान संशोधन गरिनु पर्ने बताए ।

समग्र मधेश एक प्रदेश आफ्नो पार्टीको प्रमुख एजेन्डा मध्य एक रहेको बताउँदै महासचिव रामपृत यादवले विषेश गरी नागरिकता, निर्वाचन प्रणाली तथा मधेश प्रतिको सत्तासिन दलको हेराईमा विभेद देखीएकाले संविधान संशोधन आवश्यक रहेको बताए ।

सो पार्टी निकटका राष्ट्रिय महिला मंचकी अध्यक्ष सुनिता देवी अग्रवालले मधेशी, आदीवासी, जनजाती, मुश्लीम, सिमान्तकृत समुदाय लगायतका मुद्दा ज्युँका त्युँ रहेको बताईन ।

उनले स्थानीय तहको निर्वाचनमा समेत लाखौं र करोडौ रुपैया खर्च गरी पार्टीको टिकट लिने र निर्वाचनमा सहभागी हुने प्रवृति बढ्न थालेपछि गरिब तथा

*बाँकी अन्तिम पृष्ठमा*




अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

## सम्पादकीय

# किसानहरुको समस्याप्रति ध्यान पुगोस्

दुई दिने बेमौसमी वर्षाका कारण नेपालमा मानविय क्षतिका साथै निकै भौतिक क्षति भएको छ । यसमा पनि निकै महिनेतका साथ लगाइएको धान बालीमा वर्षाले क्षति पुऱ्याएपछि किसानहरु निकै चिन्तित बनेका छन् । धान खेती गर्दाको समयमा किसानहरुलाई कामदारदेखी सिचाईको समस्या अनि मलखादको समस्या हुने गर्दछ । ती सम्पूर्ण समस्याहरुलाई चिर्दै किसानहरुले धान रोपाई गरि समय समयमा गोडमेलदेखी महगो मुल्यमा मलखाद खरीद गरि खेतमा हाल्ने गर्छन् । यस्तो परिस्थिति उनीहरुलाई आर्थिक भार समेत पर्दछ । जसोतसो आर्थिक अवस्थालाई झेल्दै उनीहरु खेतीलाई पूर्णता दिन पुग्छन् ।

यसरी असार महिनामा रोपिएको धान ५ महिना पछि कात्तिक महिनामा फल्ने र त्यसलाई कटान गर्न किसानहरु हर्षित मुद्रामा लाग्ने गर्छन् । तर, यस पटक कात्तिक महिनाको सुरुवातमै बेमौसमी हावाहुरीसँगै भएको वर्षाले किसानहरुको हर्षित मुहारलाई निरास पारिदिएको छ । फलिसकेको धानलाई काट्ने बेलामा वर्षाले क्षति पुऱ्याएपछि मुलुकभरकै किसानहरुमा निरासता छाएको छ । यस्तो अवस्थामा अन्नको भण्डार मानिने तराई मधेशका किसानहरु निकै निरास भएका छन् । खेतीमै निर्भर रहने किसानहरु यसरी वर्षाका कारण निकै महिनेतका साथ उब्जाएको अन्न पानीमा खेर गएपछि बिलौन गरिरहेका छन् ।

प्राकृतिक विपद्को अगाडी कसैको केही नचल्ने हुनाले यस्ता विपद्को बेला सम्बन्धीत निकायले किसानहरुको घाउमा मलहम लगाउने बेला भएको छ । तसर्थ किसानहरुलाई परेको दुःख, मर्काको बेला तीनै तहको सरकारले क्षतिपूर्तिका लागि ठोस पहल र मुआब्जाका लागि गम्भिर हुनु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# धान डुब्यो, गहुँ लाउने आश मऱ्यो

महोत्तरी, ४ कात्तिक (रासस) ।

दसैँ र मोहम्मदको पर्व मनाएसँगै महोत्तरीका किसान गम्भीर चिन्तामा परेका छन् । हिन्दू परम्पराको दसैं सकिनैलाग्दा र इस्लाम परम्पराको महत्वपूर्ण पर्व मोहम्मद डे मनाइरहँदा गत मङ्गलबार परेको बेमौसमी वर्षाले यहाँका किसान गम्भीर चिन्तामा परेका हुन् । सोमबार मध्यरातपछि मङ्गलबारभरि परेको पानीले धानबाली डुबाएर नोक्सान गरेको र खेतबारी जलमग्न भएपछि अबलगत्तै गहुँ र अन्य हिउँदेबाली लगाउन पाइने आश मरेको यहाँका किसान बताउँछन् ।

"बूढापाकाले दसैं कहिले त दशा लिएर आउँछ भन्थे, यसपालि त्यस्तै भयो", बर्दिबास नगरपालिका-९ पशुपतिनगरको टोकीटोलका किसान रामचन्द्र थापामगरले खेतमा डुबेको धान देखाउँदै भन्नुभयो, "जीवन गुजाराको मुख्यबाली थन्क्याउने बेलामा हातबाट गयो ।" धान डुबेर नोक्सान भएको र खेतबारीमा वर्षाको पानीको अत्यधिक चिस्यानले लगत्तै अब गहुँ र अन्य हिउँदेबाली लगाउन नपाउने भएपछि यसपालि जहान परिवार कसरी पाल्ने भन्ने चिन्ताले पिरोलेको मगरको भनाइ छ ।

मङ्गलबार कोजाग्रत पूर्णिमा पर्वमा धनधान्यकी देवी लक्ष्मीको पूजाआराधना र मोहम्मद पैगेम्वरको जन्मदिन मनाउने उत्सवको तयारीमा थिए । त्यसै दिन परेको पानीले 'मुखको माड' खोसिएको यहाँका आम किसानको गुनासो छ ।

खेतमा पाकी सकेको धान कतिले काटेर पसी (धान काटेर खेतमै सुकाउन फैलाएर राखिने काम) सुकाएका थिए । कति अब एक/दुई दिनभित्रै धान काट्ने तयारी गर्दै थिए । अचानक परेको पानीले पसी डुबाएको र बोटकै धान पनि सोत्तर बनाएर लडाएको भङ्गाहा नगरपालिका-४ रामनगरका ७५ वर्षीय किसान इस्लाम राइनले गहँभरि आँशु काढ्दै बताउनुभयो । "हामी पर्व मनाउने तयारीमा थियौँ", राइनले भन्नुभयो । धर्तीमा पाप बढेसँगै प्राकृतिक विपद् बढेको राइनको विश्वास छ ।

पछिल्लो बेमौसमी वर्षाले मुखमा आएको धानबालीमा गरेको नोक्सानीले यसपालि अन्नको सङ्कट बढ्ने किसान बताउँछन् । "थन्क्याउने बेलाको धान अब खेतमै उम्रने भयो, तरकारीबालीका बोट र लहरा पानीले डुबेर पहेँलिए", भङ्गाहा-५ भुचक्रपुरका किसान दीपनारायण चौधरी थारुले भन्नुभयो, "पानीले गर्दा खेतबारी खनजोत गर्ने अवस्था नहुँदा अर्को बाली लगाइहाल्ने अनुकूलता पनि रहेन, खै के गरी गुजारा चलाउने ? रनभुल्लमा परियो ।"

पछिल्लो वर्षाले जिल्लाको खेतीपाती लथालिङ्ग बनाएको किसान बताउँछन् । तयार बाली खेतमा डुबेको र लगत्तै अर्को बाली लगाउन पाइने आश मरेको बलवा नगरपालिका-१० का किसान हासिम राइनको भनाइ छ । जिल्लाको कूल ७० हजार हेक्टर खेतीयोग्य जग्गामध्ये अनुकूल वर्षा हुँदा ४०/४५ हजार हेक्टरसम्म धान खेती गरिन्छ । स्थायी सिँचाइको समुचित प्रवन्ध नहुँदा आकासे पानीकै भरमा गरिने खेतीमा कहिले पानी नहुँदा धान रोप्न नपाइएको चिन्ता र कहिले कुसमयको अतिवृष्टिले लगाको बाली नोक्सान गर्ने आफूहरूको नियति नै बनेको गौशाला नगरपालिका-१० लक्ष्मीनियाँका ७५ वर्षीय किसान लक्ष्मी महतो बताउनुहुन्छ ।

यसपालि करिब ३५ हजार हेक्टरमा धानबाली रहेको कृषि ज्ञानकेन्द्र महोत्तरी कार्यालयको आँकडा छ । पछिल्लो वर्षाले १०० हेक्टरभन्दा केही बढी क्षेत्रफलको काटेर पसी सुकाइएको धान डुबाएको अहिलेसम्मको अनुमानित तथ्याङ्क छ । यसबाहेक एक/दुई दिनमै काट्ने तयारी रहेको धानका बोट पानीले लडाएर नोक्सान गरेको छ । यद्यपि लडेका धानका बोट उठाएर नोक्सानी कम गर्न सकिने र वर्षा थामिएको हुँदा केही दिनपछि अत्यधिक चिस्यान भएको जग्गा रुखिँदै गएर खनजोत गर्ने र नयाँबाली लगाउन सकिने कार्यालयका कृषिविज्ञ बताउँछन् ।

पछिल्लो वर्षाले महोत्तरीसहित प्रदेश-२ का आठवटै जिल्लामा व्यापक क्षति गरेको हुँदा सङ्घीय सरकारले तत्काल किसानलाई राहत दिने प्याकेज (योजना) दिनुपर्ने प्रदेश सरकारले माग गरेको छ । प्रदेशका मुख्यमन्त्री मोहम्मद लालबाबु राउत गद्दीले खेतीपातीमा भएको क्षतिबारे सङ्घीय सरकारको ध्यानाकर्षण गराउँदै राहत प्याकेजको माग गर्नुभएको हो ।

# बेमौसमको वर्षाका कारण अहिलेसम्म ८८ को मृत्यु पुष्टि, ३० बेपत्ता

काठमाडौँ, ४ कात्तिक (रासस) ।

वेमौसमी वर्षा पछि आएको बाढीपहिरो र डुबानबाट बिहीबार बिहानसम्ममा मुलुकका विभिन्न जिल्लामा ८८ जनाको मृत्यु भएको गृहमन्त्रालयले जनाएको छ ।

मन्त्रालयको विपद् व्यवस्थापन महाशाखाका अनुसार कूल ३० जना बेपत्ता भएका छन् । अधिकांशको पहिराका कारण ज्यान गएको हो । बिहीबारमात्रै ११ जनाको मृत्यु पुष्टि भएको छ । यसअघि बुधबार ६३ र मङ्गलबार १४ को मृत्यु पुष्टि भएको थियो । विपद्मा परेर पाँचथरमा मात्रै सबैभन्दा बढी २७ जनाको मृत्यु भएको छ । इलाम र डोटीमा १३/१३ जनाको मृत्यु भएको छ ।

यस्तै कालीकोट, बैतडी, डडेलधुरा, बझाङ, हुम्ला, सोलुखुम्बु, प्युठान, धनकुटा, मोरङ, सुनसरी, उदयपुरलगायत १५ जिल्लामा मानवीय क्षति भएको महाशाखाका प्रमुख हुमकला पाण्डेले जानकारी दिनुभयो । विपद्बाट २० जिल्ला प्रभावित भएको छ । बझाङमा सबैभन्दा बढी २१ जना हराइरहेका छन् । पाँचथरमा चारसहित विभिन्न जिल्लामा गरेर ३० बेपत्ता रहेको गृहमन्त्रालयले जनाएको छ । बिहीबारबाट भने मौसममा सुधार आएको छ ।



खडक नगर कार्यपालिकाको कार्यालय सप्तरी

राहदानी हराएको सूचना
राजविराजस्थित हनुमान मन्दिरदेखी दशन चौकसम्म जादै गरेको अवस्थामा २०७८ साल असोज १ गते मेरो निम्न ब्यहोराको राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गर्नुहोला ।
नाम : हरेराम सरदार
ठेगाना : गोइठी ४, (हाल तिरहुत गाउँपालिका ३) सप्तरी
राहदानी नं. : ०७१८९०१८

# माओवादीले तोक्यो ३२ विभागका प्रमुख

काठमाडौँ, ४ कात्तिक (रासस) । नेकपा (माओवादी केन्द्र)ले विभाग र प्रतिष्ठानको प्रमुखको टुङ्गो लगाएको छ । पार्टी कार्यालय पेरिसडाँडामा बिहीबार बसेको स्थायी समिति बैठकले ३२ विभाग र एक प्रतिष्ठानको नेतृत्व टुङ्गो लगाएको पार्टी प्रवक्ता कृष्णबहादुर महराले जानकारी दिनुभयो ।

अर्थ तथा योजना विभागका प्रमुखमा वर्षमान पुन रहनुभएको छ । यस्तै उद्योग विभागमा वामदेव क्षेत्री, उपभोक्ता हित तथा आपूर्ति विभागका प्रमुखमा मातृकाप्रसाद यादव, कृषि तथा भूमिसुधार विभागमा हरिबोल गजुरेल, कोष तथा आर्थिक व्यवस्थापन विभागमा डोरप्रसाद उपाध्याय, खानेपानी तथा सरसफाइ विभागको प्रमुखमा बिना मगर रहनुभएको छ ।

यस्तै जलस्रोत, सिँचाइ तथा ऊर्जा विभागमा लीलामणि पोखरेल, निर्वाचन विभागमा खिमलाल देवकोटा, कानुन, न्याय तथा मानवअधिकार विभागमा मुक्ति प्रधान, पर्यटन प्रवर्द्धन तथा नागरिक उड्डयन विभागमा झक्कुप्रसाद सुवेदी, प्रचारप्रसार तथा प्रकाशन विभागमा कृष्णबहादुर महरा, प्रादेशिक मामिला विभागको प्रमुखमा परशुराम तामाङ रहनुभएको छ ।

स्कुल विभागमा प्रमुख गिरिराजमणि पोखरेल तोकिनुभएको छ । स्कुल विभागको इन्चार्जमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' रहनुभएको छ । पुस्तकालय तथा अभिलेख विभागमा नारायणप्रसाद शर्मा, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभागमा हरि अधिकारी, युवा तथा खेलकुद विभागमा गणेशमान पुन, राजकीय मामिला तथा सुशासन विभागमा रेखा शर्मा, वन तथा वातावरण विभागमा शक्ति बस्नेत, विज्ञान तथा प्रविधि विभाग गणेश साह र विदेश मामिला विभागमा नारायणकाजी श्रेष्ठ रहनुभएको छ ।

यस्तै शिक्षा तथा मानव स्रोत विभागमा मायाप्रसाद शर्मा, श्रम तथा रोजगार विभागमा रामेश्वर राय यादव, सङ्गठन विभागमा जनार्दन शर्मा, सङ्घीय संसदीय विभागमा देवप्रसाद गुरुङ, समाज कल्याण विभागमा सत्या पहाडी, सहकारी तथा गरिबी निवारण विभागमा धर्मदत्त देवकोटा, सहरी विभागमा देवेन्द्र पौडेल, सामान्य प्रशासन विभाग टेकबहादुर बस्नेत, साहित्य, कला तथा संस्कृति विभागमा गोपाल ठाकुर, स्थानीय तथा विकास विभागमा उर्मिला अर्याल र स्वास्थ्य तथा जनसङ्ख्या विभागमा कल्पना धमलालाई संयोजक तोकिएको प्रवक्ता महराले जानकारी दिनुभयो ।

सबै विभागमा बढीमा ३५ जना सदस्य रहनेछन् । बैठकले नीति तथा अनुसन्धान प्रतिष्ठानको पनि गठन गरेको छ । प्रतिष्ठानको अध्यक्षमा रामचन्द्र झा हुनुहुन्छ । विपद् व्यवस्थापन विभाग गठन गर्न बाँकी रहेको उहाँले बताउनुभयो । बैठकले डिलाराम आचार्यको संयोजकत्वमा १७५ सदस्यीय सम्पर्क समितिसमेत गठन गरेको छ । राजधानीमा रहेका विभिन्न प्रदेशका पार्टी सदस्यलाई सङ्गठित गर्ने उद्देश्यले सम्पर्क कमिटीको गठन गरिएको उहाँले बताउनुभयो ।

# देशभरिका बालबालिकालाई भिटामिन 'ए' खुवाइँदै

काठमाडौँ, ४ कात्तिक (रासस) । देशभरिका बालबालिकालाई यही कात्तिक ७ गतेदेखि भिटामिन 'ए' निःशुल्क खुवाउन थालिएको छ ।

छ महिनादेखि ५९ महिनाका करिब २७ लाख बालबालिकालाई यही कात्तिक ७ र ८ गते भिटामिन 'ए' खुवाउन थालिएको हो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले 'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम अन्तर्गत छ महिनादेखि ५९ महिना उमेरसमूहका बालबालिकालाई भिटामिन 'ए' क्याप्सुल खुवाउन थालिएको छ । सधैँ कात्तिक ३ र ४ गते भिटामिन 'ए' खुवाउँदै आएकामा दसैँ परेकाले कात्तिक ७ र ८ गते खुवाउन थालिएको मन्त्रालयले जनाएको छ ।

स्वास्थ्य सेवा विभागका पोषण शाखा प्रमुख केदार पराजुलीले भिटामिन 'ए' छ महिनादेखि ११ महिनासम्मका बालबालिकालाई एक लाख युनिट र १२ देखि ५९ महिनासम्मका बालबालिकालाई दुई लाख युनिट खुवाइने छ । सोही अवसरमा १२ महिनादेखि ५९ महिनासम्मका बालबालिकालाई जुकाको औषधिसमेत खुवाइने छ ।

२०० मिलिग्राम एकदेखि दुई वर्षका बालबालिकालाई र ४०० मिलिग्राम दुईदेखि पाँच वर्षसम्मका बालबालिकालाई अल्बेन्डाजोल (जुका)को औषधि खुवाइने छ । पोषण शाखा प्रमुख पराजुलीले 'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमका लागि भिटामिन 'ए' क्याप्सुल ३० लाख क्याप्सुल र अल्बेन्डाजोल २५ लाख टयाब्लेट वितरण गरिने छ । जुकाको औषधि २४ लाख बालबालिकाले खानेछन् ।

छ महिनादेखि ५९ महिनासम्मका बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि सरकारले विसं २०५० बाट भिटामिन 'ए' कार्यक्रम सञ्चालन गर्दै आएको छ । जुकाको औषधि विसं २०५६ बाट खुवाउन थालिएको हो । 'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम सञ्चालनका लागि २५ हजार स्वास्थ्यकर्मी र ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरिने उहाँले बताउनुभयो ।

मन्त्रालयले भिटामिन 'ए' खुवाउन लैजाँदा अभिभावकलाई कोरोना भाइरसको सङ्क्रमणबाट जोगिन जनस्वास्थ्यका मापदण्ड पालना गर्न आग्रह गरेको छ । मन्त्रालयले वितरण केन्द्रमा भीडभाड नगर्न, एक व्यक्ति र अर्को व्यक्तिबीच कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्न, आफ्नो र बालबालिकाको सुरक्षाका लागि अनिवार्यरूपमा मास्कको सही तरिकाले प्रयोग गर्न र साबुनपानीले पटक-पटक हात धुन र स्यानिटाइजरको प्रयोग गर्न आग्रह गरिएको छ ।

# राहत, क्षतिपूर्ति र पुनर्निर्माणमा समन्वयात्मकरूपमा अघि बढ्न राष्ट्रपतिको आग्रह

काठमाडौँ, ४ कात्तिक (रासस) । राष्ट्रपति विद्यादेवी भण्डारीले हालैको अविरल वर्षाका कारण मुलुकका विभिन्न भागमा आएको बाढी, पहिरो र डुबानले भएको जनधनको ठूलो क्षतिप्रति दुःख प्रकट गर्दै शोकसन्तप्त परिवारमा समवेदना प्रकट गर्नुभएको छ । राष्ट्रपतिले प्रकोपपीडितको उद्धार तथा व्यवस्थापन, घाइतेको उपचार, राहत वितरण र बेपत्ता भएकाको खोजीमा राज्यका संयन्त्रलाई परिचालन गराउने कार्यमा सम्बद्ध निकायको ध्यान पुग्नेछ भन्ने विश्वास व्यक्त गर्नुभएको छ ।

यसैगरी प्रकोपबाट कृषि क्षेत्र खासगरी धान बाली र विविध भौतिक पूर्वाधारको विनाशका सन्दर्भमा राहत, क्षतिपूर्ति र पुनर्निर्माण सम्बन्धमा समन्वयात्मकरूपमा अघि बढ्न राष्ट्रपतिले आग्रह गर्नुभएको राष्ट्रपतिको कार्यालयले बिहीबार अपराह्न जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ । प्राकृतिक प्रकोपबाट उत्पन्न दुःखका यस अवस्थामा सम्पूर्ण राजनीतिक दल, सामाजिक सङ्घसंस्था र समुदायलाई आवश्यक समन्वय र सहकार्यसहित पीडितको उद्धार तथा राहतमा संलग्न हुन राष्ट्रपतिले आह्वान गर्नुभएको राष्ट्रपतिको कार्यालयका प्रवक्ता सागर आचार्यले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । साथै भविष्यमा आइपर्ने यसप्रकारका प्राकृतिक प्रकोपबाट बच्न सम्बद्ध सबै पक्षले सावधानी अपनाउनुपर्नेमा पनि उहाँले जोड दिनुभएको छ ।


**मल्टीपर्पस फिनान्स कम्पनी लिमिटेड**

केन्द्रीय कार्यालय, राजविराज, सप्तरी

**ब्याज दर बारेको सूचना**

**(मिति २०७८ कार्तिक ३ देखि परिवर्तित दर लागु हुने)**

२०७८ सालको शुभ दिपावली, नेपाल सम्वत तथा छठ पर्वको पावन उपलक्ष्यमा सम्पूर्ण शेयरधनी, ग्राहक, शुभेच्छुक तथा देशवासीहरुमा सुख, समृद्धि तथा शान्तिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**निक्षेप तर्फ (बार्षिक ब्याज दर)**

| क्र.सं. | मुद्धती | ब्याज दर | |
|---|---|---|---|
| | | व्यक्तिगत | संस्थागत |
| १ | ३ महिना देखि १ वर्ष सम्मको मुद्धती खाता | ९.३५% | ८.३५% |
| २ | २ वर्ष वा सो भन्दा बढिमा | ९.६०% | ८.६०% |

| क्र.सं. | बचत | २०७८ असोजको ब्याज दर | न्यूनतम मौज्दात रु. | ब्याज दर |
|---|---|---|---|---|
| १ | साधारण बचत | ५.००% | २००.०० | ५.५०% |
| २ | सुपर बचत | ७.००% | २५,०००.०० | ७.५०% |
| ३ | नारी कल्याण बचत | ६.००% | ५,०००.०० | ६.५०% |
| ४ | ज्येष्ठ नागरिक बचत | ६.००% | ५,०००.०० | ६.५०% |
| ५ | कार्पोरेट(कल) बचत | २.५% | | २.७५% |

निक्षेपको ब्याज त्रैमासिक रुपमा प्रदान गरिने छ ।


## विश्व समाचार

# अफगान महिला अधिकारका लागि सहयोग गर्न संयुक्त राष्ट्रसङ्घको आग्रह

संयुक्त राष्ट्रसङ्घ, ४ कात्तिक (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसङ्घले अफगानिस्तानमा महिला अधिकारका क्षेत्रमा सहयोग गनसंयुक्त राष्ट्रसङ्घीय एकजना अधिकारी आग्रह गर्नुभएको छ ।

उनले हाल अफगानिस्तानलाई सहयोग गरेका विभिन्न अन्तरराष्ट्रिय सहयोग संस्थालाई पनि महिला अधिकारका क्षेत्रमा खर्च गर्न आग्रह गरेका हुन् ।

अफगानिस्तानका लागि 'युएन वुमन'का उपप्रमुख एलिसन डेभिडियनले सो कुरा बताउनुभएको हो । उहाँले भन्नुभएको छ कि अहिले अफगानिस्तानका महिलाको अवस्था निकै नै नाजुक रहेकाले विश्वका हाल अफगानिस्तानलाई सहयोग गरेका सङ्घसंस्थाले पनि यहाँ महिला अधिकार र उनीहरुको सशक्तिकरणका लागि सहयोग गर्नुपर्दछ ।

उहाँले हाल केही समय यतादेखि अफगानिस्तानमा तालिबानी विद्रोहीको सरकार रहेको भए पनि विश्वका कतिपय दाता राष्ट्र तथा संस्थाले अफगानिस्तानलाई सहयोग गरिरहेका प्रसङ्ग उल्लेख गर्दै सो सहयोग पनि यहाँका महिलाको उत्थानका लागि छुटचाउन आग्रह गर्नुभएको हो ।

तालिबानीले महिला अधिकारको सम्मान गर्न नसकेको भन्दै हाल अफगान सरकारसमक्ष महिलालाई पनि विद्यालय, विश्वविद्यालय जान दिन र अरु अधिकारकाबाट वञ्चित नगर्न विश्वका देशले आग्रह गरिरहेका छन् ।

# महिला अधिकारको विरोधमा तालिबानले पत्रकारमाथि आक्रमण

काबुल, ४ कात्तिक (रासस/एएफपी) ।

काबुलमा महिला अधिकारकर्मीले गरेको प्रदर्शनको मिडिया कभरेज रोक्न तालिबानले बिहीबार कैयौँ पत्रकारमाथि आक्रमण गरेको छ ।

शिक्षा मन्त्रालयको नजिकबाट अफगानिस्तानको राजधानीमा अवस्थित अर्थ मन्त्रालयसम्म रङ्गीन हेड स्कार्फ लगाएका महिलाको एउटा समूहले मार्चपास गर्दै शिक्षालाई राजनीतिकरण नगर्नु भन्ने नारा लगाएका थिए ।

'हामीसँग अध्ययन गर्ने र काम गर्ने अधिकार छैन र बेरोजगारी, गरीबी, भोकले सताएको छ' भन्ने लेखिएको प्लेकार्ड ती महिला बोकेका थिए ।

तालिबान अधिकारीले ती महिलालाई करिब एक घण्टा ३० मिनेटसम्म स्वतन्त्ररुपमा हिड्न दिएको एएफपी समाचार समिति जानकारी दिएको छ ।

तालिबान लडाकूले. विदेशी पत्रकारलाई राइफल प्रहार गर्नुको साथै फोटोग्राफरलाई पछाडिबाट लात हानेका बताइएको छ ।

प्रदर्शनकारी आयोजकमध्येकी एक जाहरा मोहम्मदीले एएफपीलाई भनिन् कि महिला जोखिमको बावजुद मार्चपास गर्दै थिए ।

तालिबानले स्थानीय पत्रकार, विदेशी पत्रकार र महिला कसैँको पनि सम्मान नगरेको उनले बताएकी छिन् । केटीको विद्यालय जाने अधिकारसमेत तालिबान खोसेको पनि उनले बताएकी छिन् ।

# नयाँ सामाजिक सञ्जाल सञ्चालन गर्ने ट्रम्पको घोषणा

वासिङ्टन, ४ कात्तिक (रासस/एएफपी) ।

अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले नयाँ सामाजिक सञ्जाल सञ्चालनमा ल्याउने घोषणा गर्नु भएको छ ।

बहुचर्चित सामाजिक सञ्जाल ट्वीटर र फेसबुकले उहाँका आधिकारीक "एकाउन्ट" हटाइदिएपछि उहाँले नयाँ सामाजिक सञ्जाल सञ्चालन गर्ने घोषणा गर्नुभएको हो ।

अमेरिकामा गत वर्ष भएको राष्ट्रपतीय निर्वाचनका बेलामा तत्कालिन राष्ट्रपति ट्रम्पले आफै भ्रम फैलाएको, सामाजिक सद्भावलाई असर पारेको लगायतका आरोप लगाउदै ती सामाजिक सञ्जालले उहाँको एकाउन्ट हटाइदिएका हुन् ।

विषेशगरेर ट्रम्पका समर्थकको भीड अमेरिकी संसद् भवनमा प्रवेश गरेको घटनापछि उहाँलाई ट्विटर र फेसबुकले आफ्ना सञ्जालबाट हटाएका थिए ।

उनीहरुले हटाएपछि पूर्वराष्ट्रपति ट्रम्पले आफ्ना अपडेट सार्वजनिक गर्न छुट्टै ब्लग जस्तै अनलाइन् सञ्चालन गर्नु भएको थियो । तर त्यो पनि केही समयपछि बन्द भएको छ ।

आगामी सन् २०२४ मा हुने राष्ट्रपतीय निर्वाचनमा पनि उम्मेदवारी दिने तयारीमा रहनु भएका ट्रम्पले त्यसैलाई लक्षित गरेर नयाँ सामाजिक सञ्जाल सञ्चालन गर्न लाग्नु भएको जनाइएको छ ।

उहाँले सञ्चालन गर्न लागेको सामाजिक सञ्जालको नाम "ट्रुथ सोसियल" राख्ने पनि तय भइसकेको उहाँले सचिवालयले जनाएको छ ।

ट्रुथ सामाजिक सञ्जालको सञ्चालन ट्रम्प मिडिया एण्ड टेक्नोलोजी ग्रुप (टीएमटीजी)ले गर्ने भएको छ । ग्रुपको अध्यक्ष ट्रम्प आफैँ रहनु भएको छ ।

ट्रम्पले उक्त सामाजिक सञ्जाल प्रविधिसम्वन्धी ठूला कम्पनीको अत्याचारविरुद्ध उभिने बताउनु भएको छ । अहिले प्रभावशाली रहेका सामाजिक सञ्जालले अमेरिकाका विद्रोही आवाजलाई स्थान नदिएको ट्रम्पको आरोप छ ।

ट्रुथ सामाजिक सञ्जालमा भिडिओ प्रसारण सेवा पनि समावेश गरिने भएको छ । भिडिओ सेवामा समाचार, पडकास्टलगायतका धेरै सुविधा उपलब्ध गराइने टीएमटीजीले जानकारी दिएको छ ।

सो सामाजिक सञ्जाल आगामी महिनादेखि केही आमन्त्रित प्रयोगकर्ताका लागि तयार हुनेछ भने सन् २०२२ को पहिलो तीन महिना अमेरिकामा मात्रै उपलब्ध हुनेछ ।

# पत्नीलाई अस्पताल मै छाडी उपचार खर्च र न्यायका लागी भौतारिदै दास



**दैनिक समाचारदाता**
**राजविराज, ४ कात्तिक ।**

सप्तरीको राजगढ गाउँपालिका ५ निवासी ५७ वर्षिय कमल प्रसाद दास मोटरसाईकलको ठक्करबाट गम्भीर घाइते भएकी पत्नीलाई अस्पताल मै छाडी उपचार खर्च र न्यायका लागी भौतारिएका छन ।

उपचार खर्च जुटाउन र न्याय खोज्दै विहीवार सदरमुकाम राजविराज आईपुगेका दासले पत्रकार, अधिकारवादी र प्रहरीलाई भेटेर सहयोगको याचना गरेका हुन् ।

गत भदौं २८ गते मोटरसाईलको ठक्करबाट उनको ५० वर्षिया पत्नी रमा देवी गम्भीर घाईते भएकी थिइन । अहिले उनी विराटनगरस्थित गोल्डेन अस्पतालमा मृत्युसँग संघर्ष गरिरहेकी छिन् ।

काम विशेषले बाहिर निस्केको बेला हुलाकी सडक अन्तर्गतको मलेकपुर खण्डमा तिब्र गतीमा जादै गरेको स.८प. ८६८२ नम्बरको मोटरसाईकलले रमालाई ठक्कर दिएको थियो ।

प्रहरीले चालक राजगढ गाउँपालिका १ झुटकी निवासी २२ वर्षिय शिव कुमार यादवलाई मोटरसाईकल सहित नियन्त्रणमा लिएको थियो । मोटरसाईकल पत्थरगाढा प्रहरी चौकीमा राखिए पनि चालक यादवलाई जिल्लामा पठाइएको थियो ।

घाईतेको सम्पुर्ण उपचार खर्च ब्यहोर्ने शर्तमा उनी रिहा भएका थिए । हाल भने उनी फरार भएको गाउँलेहरुले बताएका छन् । हाल सम्ममा औषधी बाहेक रमाको उपचार खर्च वापत ७ लाख ५० हजारको विल भएको छ । जस मध्ये ठक्कर दिने मोटरसाईकलका धनी एवं चालक शिवका परिवारले अस्पताललाई २ लाख ५० हजार मात्र बुझाएको र अरु रकम बाकी नै रहेको . कमलको भनाई छ ।

यसका अलावा औषधी पसलको १ लाख ५० हजार रुपैया पनि तिर्न बाकी नै छ । पत्नीको उपचारको क्रममा साहु महाजन संग चर्को ब्याजमा लिएको १ लाख रुपैया पनि सकिएको उनले सुनाए ।

पेट, छाती र टाउकोमा गहिरो चोट देखिएको उनको शूरुमा राजविराजस्थित गजेन्द्र नारायण सिह र छिन्नमस्ता अस्तालमा उपचार गरिएको थियो । तर, अवस्थामा सुधार नआएपछि विराटनगरस्थित न्युरो, नोबेल र त्यसपछि गोल्डेन अस्पतालमा पुऱ्याइएको थियो.।

एक महिना भन्दा बढी समय वितिसक्दा पनि उनको अवस्थामा सुधार आउन नसकेको परिवारजनको भनाई छ ।

एलानी जग्गामा वसोवास गर्दै आएका विपन्न अवस्थाका उनी दैनिक मजदूरी गरेर परिवार पाल्दै आएका छन् । रकमकै अभावमा केही वर्ष अघि विरामी परेका एक्लो छोराको सम्पुर्ण उपचार गराउन नसक्दा मृत्यु भएको उनले सुनाए । घरमा कमाउने आफु मात्र भएको र पत्नीको हेरचारम खटिनु पर्दा झनै समस्या थपिएको उनको भनाई छ ।

### शारिरीक रुपमा ...

युवाहरुको सकारात्मक सोच एवं पहलमा चन्दा संकलन गरि घर निर्माण गरिएको हो । ३७ वर्षिय बौना दासको उचाई २.५ फिट मात्र रहेको छ ।

तोपा बजार युथका अध्यक्ष कौशल यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रदेश २ का अर्थ मन्त्री शैलेन्द्र प्रसाद साह, प्रदेश २ का आमसंचार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, केन्द्रिय सभा सदस्य मृगेन्द्रकुमार सिंह यादव, प्रदेश सभा सदस्यद्वय मनिष सुमन, नेत्रविक्रम साह, सप्तरी युथ नेपालका कोषाध्यक्ष विष्णु यादव, उपाध्यक्ष मोहन यादव लगायतको उपस्थिती रहको थियो ।

### सद्भावना पार्टीद्वारा ...

योग्य उम्मेदवार आर्थिक कारणले नै त्यसबाट बन्चित हुने अवस्था आएकोले स्थानीय निर्वाचनमा पाटीबाट उम्मेदावरी दिने व्यवस्था हटाउनु पर्नेमा जोड दिईन ।

जिल्ला अध्यक्ष गंगा प्रसाद यादवले संविधानमा रहेका असन्तुष्टीलाई संशोधन गरी संम्बोधन नगरिए जटिलता थपिदै जाने भन्दै अबिलम्ब संविधान संशोधन गर्नू पर्ने माग गरे ।

# बाढीमा वेपत्ता भएका लालु अझै फेला परेनन्

**दैनिक समाचारदाता**
**राजविराज, ४ कात्तिक ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ९ का २३ वर्षिय लालु मण्डल अझै वेपत्ता छन् ।

उनलाई बुधबार जिता खोलको बाढीले बगाएको थियो । विहीवार पनि सुरक्षाकर्मी र आफन्तले खोजी कार्य जारी राखेका छन ।

अघिल्लो दिन बुधवार जिता खोलाको जिर्ण पुल हुदै तिलाठी तर्फ जादै गर्दा बाढीले मण्डललाई बगाएको थियो । उनीसंगै रहेका २८ वर्षिय संजिव मण्डल भने पौडी खेलेर ज्यान जोगाउन सफल भएका थिए ।

विगत तीन दिन देखी भईरहेको अबिरल वर्षाका कारण आएको बाढीले जिल्लामा आधा दर्जन घर भत्काएको छ भने दुई दर्जन भन्दा बढी पशू चौपाया बगाएको छ । यस्तै निरन्तरको वर्षाले धानवालीमा पनि ठुलो क्षती पुऱ्याएको कृषि ज्ञान केन्द्र सप्तरीले जनाएको छ ।

# करेन्ट लागेर एकै परिवारका चारजना गम्भीर घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ४ कात्तिक ।**

करेन्ट लागेर राजविराज नगरपालिका वडा नं. ६ का एकै परिवारका चार जना गम्भीर घाइते भएका छन् ।

घरका छतमा झुण्डिएको होडिङ बोर्ड हटाउने क्रममा बिहीबार बिहान करेन्ट लाग्दा ४० वर्षीय शिवनारायण साहसहित उनका ३५ वर्षीया पत्नी सन्तोषी साह, ३८ वर्षीया भाउजु राजकुमारी साह र १८ वर्षीय भतिजो रक्षित साह घाइते भएका हुन् ।

घाइतेहरुको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा उपचार भइरहेको र घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


मास्क लगाउनुहोस्
मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ



तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं




अनुरोधकर्ता : तिलाठी कोइलाडी नगर कार्यपालिकाको कार्यालय सप्तरी

लिङ्ग पहिचान गरी भ्रुणहत्या गर्नु अपराध हो ।
त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np